नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, दोलखा

फोन : ०४९-४२१११९
फ्याक्स : ०४९-४२१०८२
email:
dolakha@dolma.gov.np

# सूचना ! सूचना !! सूचना !!!

**मितिः-२०८२/०२/२७**

दोलखा जिल्ला साविक डाँडाखर्क गा.वि.स. वडा नं. ९ बस्ने नरध्वजको नाती लाल बहादुरको छोरा तखत बहादुर तामाङको नाममा नापनक्सा भएको तपशिलमा उल्लेख भएको जग्गाहरु दर्ता छुट भएकोले जिल्ला वन कार्यालय दोलखाको फैसला समेतको आधारमा आफ्नो नाममा जग्गा दर्ता गरिपाउँ भनी तखत बहादुर तामाङको माग निवेदन पेश भएको हुँदा उक्त जग्गाका वास्तविक जग्गाधनी को हुन ? उक्त कित्ता जग्गा सरकारी, सार्वजनिक, विर्ता वा गुठी अन्तर्गतको हो, होईन ? निवेदकहरु बाहेक अन्य हकदारहरु छन, छैनन् ? निवेदकका नाममा रैकर तर्फ छुट जग्गा दर्ता नहुनु पर्ने भए वा निवेदक बाहेक अरुको समेत हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिलः (फिल्डबुकको विवरण)

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोहीको | जग्गावालाको नाम, थर | विरह/प्रमाण संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| मेलुङ | ९ | २८३ | ००५६० व.मी. | | तखत बहादुर तामाङ, ना.प्र.नं. गा.वि.स. डाँडाखर्क, वार्ड नं. ९ बावुः- लाल बहादुर बाजेः- नरध्वज | धान/सिम/रातमाटे | |
| मेलुङ | ९ | २८७ | ००२८० व.मी. | | | धान/सिम/रातमाटे | |
| मेलुङ | ९ | २८८ | ००३३८ व.मी. | | | धान/सिम/रातमाटे | |

पुनश्चः-
निवेदक सो जग्गाको साविक तिरो पेश गरेको, लगत प्रतिलिपि तथा ७ नं. फाँटबारी लगायत कागजात भुकम्पमा परि हराएको भनि निवेदनमा उल्लेख गरेको । यस कार्यालयमा रहेको साविक लगत अनुसुचि तथा ७ नं. फाँटबारी लगायतका कागजात द्वन्दको समयमा जलेको व्यहोरा समेत अवगत गराईन्छ ।